निर्वाचन आयोग, नेपाल
निर्वाचन आचार संहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन,२०८२
सल्यान

प.सं.-०८२/०८३
च.नं.

मिति: २०८२/१०/१४
नेपाल सम्वत् ११४६

# निर्वाचन आचार संहिता अनुगमन अधिकृतद्वारा निर्वाचन आचार संहिता, २०८२ परिपालना सम्बन्धमा सूचना।

प्रतिनिधि सभाको आसन्न निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, पारदर्शी तथा भयमुक्त रूपमा सम्पन्न गराउने उद्देश्यले निर्वाचन आयोगले निर्वाचन आचार संहिता, २०८२ लागू गरिसकेको व्यहोरा विदितै छ। सो सन्दर्भमा निर्वाचन आचार संहिता, २०८२ ले निर्वाचन नियमन गर्न गराउन राजनितिक दल, उम्मेदवार, दलका भातृ संगठन तथा सम्बन्धित व्यक्तिहरूका साथै सर्वसाधारण एवं सरोकारवालाहरको भूमिका र जिम्मेवारी स्पष्ट गरेको छ। उक्त आचार संहिताको पूर्ण पालना गर्दै तपसिल बमोजिम गर्न/ गराउनुहुन सम्बन्धित सबैमा अनुरोध छ।

तपसिलः

१। मतदान हुने दिनभन्दा सत्र दिन अघि अर्थात मिति २०८२ फागुन ४ गतेदेखि मात्र निर्वाचन प्रचारप्रसार सम्बन्धी देहायको काम गर्न सक्नेः-
   - जुलुस, आमसभा वा कोणसभा गर्न,
   - सञ्चार माध्यममा कुनै प्रकारको प्रचारप्रसार सामाग्री प्रकाशन वा प्रसारण गर्न,
   - निर्वाचन प्रचारप्रसारको लागि घरदैलो कार्यक्रम गर्न।

२। जुलुस वा आमसभामा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झन्डा अङ्कित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टि-सर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने।

३। कसैको निजी घरजग्गा वा सार्वजनिक भवन, उद्यान, सडकका भित्ता वा पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवार निर्वाचन चिन्ह राख्न वा टाँस्न नहुने।

४। उम्मेदवार वा दलको कार्यालयमा साइनबोर्ड तथा कपडामा बनाइएको ३-४ फिटको दलको झण्डा र सोही नापको चुनाव चिन्ह राख्न बाहेक दलको प्रचारप्रसार गर्ने उद्देश्यले कुनै

निर्वाचन आयोग नेपाल
निर्वाचन आचार संहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन
सल्यान

प.सं.-०८२/०८३

किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड, श्रव्य सामग्री बजाउन र श्रवदृश्य सामग्रीहरू प्रदर्शन वा प्रसारण गर्न नहुने।

५। अनलाइन वेवपेज, टिभी स्क्रोलिङ, सपिङ मलमा डिस्प्ले, कल सेन्टर सञ्चालन, बैङ्कका एटिएम काउन्टरमा सन्देश वा सडक नाटक आदि माध्यमबाट दलको वा उम्मेदवारको बारेमा कुनै प्रचारप्रसार गर्न गराउन नहुने।

६। दलको झण्डाको वा दल वा उम्मेदवारको चुनाव चिन्हको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न वा गराउन नहुने।

७। कुनै साम्प्रदायिक विद्वेष फैलाउने गरी प्रचार प्रसार गर्न वा मत माग्न नहुने।

८। निर्वाचनको प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने।

९। जुलुस, आमसभा, कोणसभा वा भेला गर्नुअघि स्थानीय प्रशासनको अनुमति लिई मिति, समय, मार्ग र स्थानको बारेमा कम्तीमा २४ घण्टा अगावै स्थानीय प्रहरीलाई जानकारी लिनुका साथै सोको पालना गर्न अनुरोध गरिन्छ। आचार संहिता सम्बन्धमा कुनै द्विविधा भएमा मुख्य निर्वाचन अधिकृतको कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला निर्वाचन कार्यलय तथा आचारसंहिता अनुगमन अधिकृतसँग सम्पर्क गर्न सक्नुहुनेछ।

०८२/१०/१४

हरिश्चन्द्र शर्मा
निर्वाचन आचार संहिता अनुगमन अधिकृत